
# हाम्रो सफलताका कथाहरू

## भाग ३



असल छिमेकी नेपाल

Asal Chhimekee Nepal

पोखरेली ख्रीष्टिय समुदायको सामाजिक पहल

**प्रकाशक**
अमल छिमेकी नेपाल
सिम्पानी, पोखरा–१, नेपाल
पोष्ट बक्स नं. २६३
फोन नं.: ९७७ ६१ ५७२५१६, ५८४१५९
वेबसाइट : www.acn.org.np
इमेल : info@acn.org.np

**प्रकाशित**
जेठ, २०८२

## आदरणीय पाठक वर्गमा अभिवादन !



यस पुस्तकमा थुप्रै रूपान्तरणका कथाहरूमध्ये केही नमुनाको रूपमा प्रस्तुत गरिएको छ । विपन्न र नाजुक अवस्थामा रहेको व्यक्तिको रूपान्तरण नै परिवार, समाज अनि राष्ट्रको रूपान्तरणको शुरुवात हो । रूपान्तरण जीवनको सबै पक्षमा हुनु आवश्यक छ । भौतिक, आर्थिक, सामाजिक, आत्मिक जसलाई हामी सर्वाङ्गीण रूपान्तरण *(Holistic Transformation)* भनेर बुझ्छौं । व्यक्ति सफल हुनसक्छ, तर रूपान्तरण नहुन सक्छ, तर अर्कोतर्फ रूपान्तरण भएको व्यक्ति एउटा सफल व्यक्ति हो भन्ने बुझाइ भएको छ । यस्ता कथाहरूले कसरी नाजुक परिस्थितिमा रहेको एउटा व्यक्ति जीवनको पूर्णतातर्फ उन्मुख हुन सक्छन्; भौतिक, आर्थिक, सामाजिक, आत्मिक क्षेत्रमा सुधार मुखी हुनसक्छ भन्ने पाठ मात्र होइन, साहस र उत्प्रेरणा पनि प्रदान गर्दछन् । यसै उद्देश्यले यी कथाहरू यहाँ प्रस्तुत गरिएका छन् ।

यस्ता रूपान्तरणका कथा सिर्जना गर्ने लक्ष्य राखेर निःस्वार्थ भावनासहित पोखरेली ख्रीष्टिय समुदाय, जो हाल पोखरामा रहेका ६१ वटा चर्चहरूको साझा मञ्च हो, जसले वि.सं. २०५९ (सन २००३) मा यस असल छिमेकी नेपाल दर्ता गरी यस सेवाको कामलाई अगाडि बढाउँदै आएको छ ।

संस्थाका सबै कार्यक्षेत्रलाई प्रतिनिधित्व गर्ने गरी रूपान्तरणका कथाहरू प्रस्तुत गरिएका छन् । कथाका पात्रहरू, संस्थाका नेतृत्व वर्ग, समुदाय, स्थानीय तथा नियमनकारी निकायहरू, कर्मचारी साथीहरू, दातृनिकाय साथै प्रत्यक्ष तथा परोक्ष रूपमा जोडिने र यस अभियानमा प्रार्थना गरिदिने सबैप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछौँ ।

**राजेन्द्रकुमार अधिकारी (राजु)**

कार्यकारी निर्देशक

# विषयसूची


सुनौलो किरण ........ १

महिला उद्यमी ........ २

फियोनाको मनोबल ........ ३

सामाजिक अड्चनहरु तोड्दै दिदीबहिनीहरु ........ ४

रूपेशको अठोट ........ ५

एक धारा, अनेकौ आशा ........ ६

उमेरले छेक्दैन ........ ७

सहायता गर्न सक्षम ........ ८

उत्प्रेरणाको महत्व ........ ९

सामग्रीको चाहाना ........ १०

नमुनाको नमुना कथा ........ ११

शिक्षा प्रेमी उत्तम ........ १२

पढ्ने रहर ........ १३

आवासविहिनतामा सहायता ........ १४

मेरो कमाइबाट ........ १५

शौचालय– मेरो प्रतिष्ठा ........ १६

दुःखको साथी ........ १७

पहिचानको महत्व ........ १८

जीवित आशा ........ १९

सुरक्षित बासको सपना ........ २०

# सुनौलो किरण

नवलपरासी जिल्लाको पाल्हिनन्दन गाउँपालिका, वडा नं. २, सुगौली टोल निवासी, मीनादेवी विश्वकर्मा सानो उमेरमा नै आमा बन्नुभयो । सन्तानको रूपमा रहेकी एउटा मात्र छोरी बोल्न र सुन्न नसक्ने अवस्थामा हुनुहुन्छ । छोरीको उपचारका लागि खर्च जुटाउने उद्देश्य बोकेर वैदेशिक रोजगारीमा गएका श्रीमान् पनि सम्पर्कविहीन भए ।

छोरीको उपचार र घरको खर्च चलाउनका लागि कसैको सहारा नभएपछि मीनादेवीले ज्याला मजदुरी गर्न थाल्नुभयो । बिडम्बना ! गाउँलेहरूले उहाँको चरित्र माथि प्रश्न उठाउन थाले । तर उहाँले हरेस खानुभएन । कसरी आम्दानी गर्न सकिन्छ भनी उहाँले हर प्रयास गरिरहनुभयो । अन्ततः असल छिमेकी नेपालद्वारा आयोजित पारिवारिक व्यावसायिक तालिममा सहभागी हुने अवसर पाउनुभयो । यस तालिम लिएपछि भने आफ्नो जिन्दगी फेरिएको उहाँ बताउनुहुन्छ । उहाँले ज्याला मजदुरीबाट कमाएको थोरै कमाइले आफ्नै गाउँमा एउटा सानो किराना पसल खोली नुन, तेल, साबुन, स्याम्पू, मसला, चकलेट मिठाई, बिस्कुट आदिका साथै चटपट पनि बेच्न थाल्नुभयो । अहिले पसलको आम्दानीबाट उहाँ राम्रोसँग घर चलाउनुका साथै बचत पनि गर्न सक्ने हुनुभएको छ ।

मीनादेवी भन्नुहुन्छ, "मैले पसल खोलेदेखि आफ्नो परिवारको खर्च राम्रोसँग चलाउनुका साथै छोरीलाई पनि राम्रो शिक्षा दिन सकेको छु र आफ्नो घरको काम पनि गर्न सकेको छु । मेरो चरित्रमाथि प्रश्न गरेको समाजले आज मलाई मान सम्मान गरेको छ । मलाई गाह्रो परिस्थितिबाट बाहिर निकाल्ने असल छिमेकी नेपाललाई धेरै धेरै धन्यवाद भन्न चाहान्छु ।"



# महिला उद्यमी




बिन्दुदेवी यादव (४६ वर्ष) पश्चिम नवलपरासीस्थित पुसौली टोल, सरावल– ६ मा बस्नुहुन्छ । पाँच जनाको सानो परिवारमा खेतीपाती गरी गुजारा चलाउनुहुन्छ । बिन्दुदेवीलाई गाईवस्तु र पशुपन्छीहरूको हेरचाह गर्न साह्रै मनपर्छ । बाल्यकालमा बाध्यताले काम गर्न परे तापनि अहिले भने पशुपन्छीहरूसँग निकै लगाव रहेको छ । त्यसकारण उहाँ तिनीहरूलाई साथी ठानी आफ्नो वेदना र खुसीका पलहरू साट्ने गर्नुहुन्छ ।

बिन्दुदेवीलाई आजसम्म कतिवटा पशु पालियो भन्ने थाहा छैन । पहिले रहरको लागि पाल्ने गरिन्थ्यो भने अहिले व्यवसायका लागि पाल्ने गर्नुहुन्छ । धेरै मायाले हुर्काउने गरेको कारण उहाँलाई बेच्न मन लाग्दैन तर गुजाराका लागि बेच्नु नै पर्नेहुन्छ ।

जति नै मायाले हुर्काए पनि पछिल्ला समयमा भने बिन्दुदेवीका धेरैवटा गाईवस्तु मरेर गए । यस्तो देख्दा कहिलेकाहीँ उहाँलाई पशु व्यवसाय नै छोड्न मन लाग्दथ्यो । तर उहाँको टोलमा भएको समूहका सदस्यहरूले भने यस्तो गर्न दिएनन्, बरु पशुपालन सम्बन्धी तालिममा आउन सल्लाह दिए, जुन उहाँका लागि फलदायी हुनपुग्यो । तालिमबाट उहाँले धेरै महत्वपूर्ण कुराहरू सिक्ने र आफैंलाई नियाल्ने मौका पनि पाउनुभयो, जसका कारण व्यवसाय गर्न अझै आत्मबल र पेशाप्रति आकर्षण बढेको बताउनुहुन्छ ।

हाल उहाँ पशु व्यवसायमा राम्रो व्यवसायीको रूपमा चिनिनुहुन्छ । साथै यही महिनामा मात्रै उहाँले रु. १६,०००।– मा एउटा खसी बेचेर आम्दानी प्राप्त गर्नुभएकोछ ।

यो बढ्दै गएको व्यवसाय फस्टाउनमा सहायता भएको भन्दै बिन्दुदेवी भन्नुहुन्छ, "म जस्ता ग्रामीण क्षेत्रमा बस्ने दिदीबहिनीहरूलाई घरमै बसी आम्दानीको बाटो देखाइदिने मेरो समूह र असल छिमेकी नेपालप्रति धेरै आभारी छु ।"

# फियोनाको मनोबल



कक्षा ६ मा अध्ययनरत १२ वर्षिया फियोना मगर, पोखरास्थित कसेरीमा आमाबुबासँग बस्नुहुन्छ । स्वाभावले शान्त बस्न मन पराउने र कसैसँग घुलमिल हुन मन नपराउने फियोनालाई आफ्नो टोलमा बाल क्लब भएको थाहा भयो । छुट्टीको समयमा हरेक शनिबार क्लब खुल्ने थाहा भएपछि परिवारका सदस्यहरूले फियोनालाई घरमा बस्नभन्दा केही नयाँ कुरा सिक्न सकिन्छ भनी कर लगाए ।

आमाबुबाको करले क्लबमा आए तापनि साथीहरूसँग भने अझै घुलमिल हुन सक्नुभएन । लाज र डरको कारण जहिले पनि पछाडि बस्ने गर्नुहुन्थ्यो । तर समय बित्दै जाँदा फियोनाले विभिन्न क्रियाकलापहरूमा सहभागी हुँदा हुने फाइदा र महत्वबारे बुझ्ने मौका पाउनुभयो । यसरी उहाँलाई बिस्तारै क्लबमा जान मन लाग्न थाल्यो ।

गएको केही समयअगाडि उहाँले आफ्नो क्लबका प्रतिनिधित्व गर्दै अन्तर बाल क्लब हाजिरीजवाफ प्रतियोगितामा भाग लिने मौका पाउनुभयो । यो कार्यक्रम उहाँका लागि नौलो थियो तर यो निकै ज्ञानबर्द्धक हुनपुग्यो । प्रतियोगिताको अनुभवबारे उहाँ भन्नुहुन्छ, "मेरो लागि पहिलो अनुभव भएको कारण धेरै डर लागिरहेको थियो तर पछि भने हामी प्रथम हुन सफल भयौं । यस कुराले मलाई कडा परिश्रम र मेहनत गर्छौं भने डराउन पर्ने कुरा केही नरहेछ भन्ने महसुस गरायो ।"

हाल उहाँले बाल क्लबमा मात्र सक्रिय नभई विद्यालयमा पनि क्लास क्याप्टेन जस्तो महत्वपूर्ण जिम्मेवारीसमेत वहन गर्दै आइरहनुभएको छ । उहाँ भन्नुहुन्छ, "कहिले अगाडि उभिन नसक्ने म अहिले विद्यालयको गायन प्रतियोगितामा भाग लिई तेस्रो स्थान हासिल गर्न सफल भएकी छु । मैले पनि केही गर्न सक्ने रहेछु भन्ने मनोबल र आँट बढेको छ ।"

# सामाजिक अड्चनहरू तोड्दै दिदीबहिनीहरू

तराईमा महिलाहरू घरबाट बाहिर निस्कन हुँदैन भन्ने संस्कार रहेको छ । श्रीमान् अथवा घरका छोरा मान्छेले कमाएर ल्याउने हो र महिलाहरूचाहिँ घरको चुलोचौकामा सीमित रहनुपर्छ भन्ने प्रचलन पहिलेदेखि रहिआएको छ । सोही कारण महिलाहरूमा आफैं केही गर्छु भन्ने उत्प्रेरणाको कमी भएको देखिन्छ । यस्तै महिलाहरूको टोल हो पाल्हिनन्दन– ३, प्रसिया ।

प्रायः विपन्न र निरक्षर मानिने यस टोलका महिलाहरूको जनजीवन घरको चुलोचौकामा सीमित रहने गर्दथ्यो । बाहिर केही गरी खाऊँ भने तापनि मानिसहरूले के भन्लान् भनी साहस गर्न सक्दैनथे । समय बदलिँदै जाँदा पनि तिनै कुराहरूले बाँधिनु पर्दा प्रसियाका महिलाहरूलाई असहाय भइसकेको थियो ।

छिमेकी टोलहरूमा अरू महिलाहरूले गरेका प्रगतिका कार्यहरू देखेर प्रसिया टोलका महिलाहरूले पनि अब केही गर्नुपर्छ भनी सहायताको खोजी गर्न थाले । यस क्रममा असल छिमेकी नेपालद्वारा २० जना महिलाहरूको एक समूह बनाइयो, जसको नाम शीतल समूह भनी नामकरण गरियो ।

महिलाहरू मिलेर नै केही गर्नुपर्छ भन्ने भावना बोकेको शीतल समूहमा बचत गर्ने बानी विकास गर्नका लागि २० रुपैयाँबाट बचत गर्न सुरु गरियो ।

बचत गरेको सोही रकमले समूहका महिलाहरू ऋण लगानी आदिको हिसाब किताब राख्न सक्ने भएका छन् । उनीहरू समूहमा चाहिने वृद्धि विकासका तालिमहरूको माग गरी सहभागी हुन थालेका छन् । हाल शीतल समूहका माहिलाहरू आफूले गरेको बचतबाट व्यवसाय तथा कृषिमा लगानी गरी आफ्नो आयस्तर बढाइरहेका छन् ।

यतिमा मात्र सीमित नभई, शीतल समूहका महिलाहरूले आफ्नो समूहलाई वडामा दर्ता गरी सरकारले दिने सहुलियतको फाइदा पनि लिइरहेका छन् ।

शीतल समूहका दिदीबहिनीहरू भन्नुहुन्छ, **"हामी पढेलेखेको नभए पनि हाम्रो आँट र हौसला बनेर हामीलाई अघि बढ्न प्रोत्साहन गरेकोमा असल छिमेकी नेपालप्रति आभारी छौं ।"**



# रूपेशको अठोट

नेपाली समाजमा प्रायः अपाङ्गता भएको व्यक्तिलाई हेलाँको दृष्टिले हेर्ने गरेको पाइन्छ । उनीहरूले केही गर्न सक्दैनन् भन्ने मानसिकता रहेको पाइन्छ । गोरखा जिल्ला, वडा नं– ३, नारेश्वरमा बस्ने रूपेश थापा (३८) हेर्दा हृष्टपुष्ट देखिने भएकाले अपाङ्गता भएको व्यक्ति भन्दा अचम्म लाग्छ । तर रूपेश बौद्धिक र स्वरवोलाइ सम्बन्धी एक बहुअपाङ्गता भएको व्यक्ति हुनुहुन्छ । उहाँ बुबा आमा, श्रीमती र दुई छोरी गरी ६ जनाको संयुक्त परिवारमा बस्दै आउनुभएको छ । मिलनसार र हँसिलो स्वभावका रूपेशलाई सायदै चिन्तित भएको देखिन्छ । तर समुदायका केही मानिसहरूले ....तिमीले केही गर्न सक्दैनौ, तिमी लठेब्रो छौ र तिम्रो दिमागले पनि राम्रो काम गर्दैन' भन्ने गर्दछन् । यस कुराले रूपेशलाई सँधै पिरोलिरहन्छ । जस्तै भएतापनि रूपेशले हरेस खानुभएन, बरु यस्तो भन्ने व्यक्तिहरूलाई केही गरेर देखाउँछु भनी मनमा अठोट लिनुभयो ।



यसै क्रममा रूपेशले वडामार्फत् असल छिमेकी नेपालद्वारा सञ्चालित अपाङ्गता केन्द्रित परियोजनमा जोडिने अवसर पाउनुभयो । त्यस परियोजनाअन्तर्गत कुखुरा पालन सम्बन्धी २ दिने तालिममा उहाँ सहभागी हुनुभयो । तालिमपछि बिउ पुँजीको रूपमा १४ वटा चल्ला र केही सामग्रीहरू पनि पाउनुभयो । उक्त १४ वटा चल्ला ४५ दिनमा ३ केजीको बनाउनुभयो र बेचेर करिब सोह्र हजार आम्दानी गर्नुभयो । त्यो आम्दानीको केही रकमबाट उहाँले आफ्ना छोरीहरूका लागि कापी किताब किनिदिनुभयो । छोरीहरूले छिमेकमा गएर ....हाम्रो बाबाले किनिदिनुभएको' भन्दै सुनाउँदा रूपेश औधी खुसी हुनुभयो ।

बाँकी रहेको आम्दानीबाट रूपेशले फेरि ५० ओटा चल्ला थप्नु भएकोछ । उहाँको इच्छा छ– खोर अलि ठूलो बनाएर १०० ओटा कुखुरा पाल्ने । आगामी दिनमा व्यवसाय बढाउँदै लैजाने अठोटका साथ उहाँ बढ्नुभएको छ ।

# एक धारा, अनेकौ आशा



नेसा, ३६ वर्षीया एक आमा, पाल्हिनन्दन– १, रमपुरवा गाउँकी बासिन्दा हुनुहुन्छ । उहाँ बिहानदेखि बेलुकासम्म खेतबारीमा मेहनत गर्नुहुन्छ । बारी खन्नु, धान, गहुँ काट्नु, घरमा चुल्हो बाल्नु उहाँको लागि कुनै कठिनाइको काम होइन, तर चिन्ताको विषय हो त पानी.....।

नेसाको घरमा खानेपानीको धारा थिएन । गाउँको पोखरी नै पानीको एक मात्र स्रोत थियो जुन पिउनयोग्य छैन । सार्वजनिक धाराहरू त छन् तर त्यो पनि आर्सेनिकयुक्त । आर्सेनिक मिसिएको पानीले उहाँको परिवारको स्वास्थ्यमा गम्भीर असर पारेको थियो । बालबच्चाहरू बारम्बार बिमारी पर्थे, झाडा पखाला लाग्ने, पेट दुखाइ, थकान आदि प्रायः भइरहन्थ्यो । उपचार गराउनका लागि खर्च त टाढाको कुरा, दैनिक पानी पाउन पनि हम्मेहम्मे हुन्थ्यो ।

उहाँ भन्नुहुन्छ, "१४ जना सदस्यका लागि पुग्ने पानी किन्दा दिनभरिको कमाइ सकिन्थ्यो । त्यसैले पनि बाध्य भएर यही आर्सेनिक मिसिएको पानी पिउनुपर्ने हुन्थ्यो । आफू त जसोतसो टारम्ला तर यी बच्चाहरूको स्वास्थ्य जोगाउन सकिन्न कि भन्ने चिन्ताले सताउँथ्यो ।"

घरमा हुर्किँदै गरेका छोराछोरीको लालनपालन गर्नका लागि भए पनि सहायता हुन्छ भन्ने हेतुले नेसा बचत समूहमा सदस्य हुनुभएको थियो । आज त्यही समूह उहाँको लागि आशाको ठूलो किरण बन्न पुग्यो । असल छिमेकी नेपाल जसले समूह गठन गराएको थियो, सोही संस्थाले नै धारा बनाइदिने कुराले नेसाको खुसीको सीमा नै रहेन । केही समयको अन्तरालमा नै घरको अगाडि आर्सेनिकमुक्त धारा देख्न पाउँदा नेसालाई आफ्नो शरीरको भारी कसैले बिसाइदिएको जस्तो महसुस भएको थियो ।

उहाँ भन्नुहुन्छ, "अब मेरो परिवारले पानी किन्नुपर्देन, न त बिरामी भएर अस्पताल नै जानुपर्छ । पहिले त हामी खाना, औषधी वा पानीमध्ये कुन रोज्ने भन्ने अवस्थामा हुन्थ्यौं । अब हाम्रा सङघर्षका दिन गए ।"

# उमेरले छेक्दैन




५३ वर्षीय जीवनदेव पौडेल कास्की, पोखरा– २९ का बासिन्दा हुनुहुन्छ । उहाँको परिवारमा पाँच सदस्य छन् । परिवारको घरमुलीका रूपमा उहाँमाथि सबैको जिम्मेवारी छ । उहाँको घरको मुख्य आम्दानीको स्रोत कृषि नै हो तर कहिले मौसम त कहिले केहीको कारणले छाक टार्ने मेलो मात्र भइरहेको थियो ।

उहाँको घर सहर बजारदेखि थोरै पर पर्छ । त्यसकारण घरमा कहिलेकाहीँ विद्युतको समस्या आउने गर्दथ्यो । बिजुली मर्मत गर्ने मान्छे भने मुस्किलैले पाइन्थ्यो । सोही कारण जीवनदेव आफैंले जसोतसो मर्मत गर्नुहुन्थ्यो । यसरी मर्मत गर्दागर्दै उहाँमा यी चिजहरूमा झन् चासो बढ्न थाल्यो । त्यसकारण उहाँलाई मनमा लाग्थ्यो, "यदि कसैले सिकाइदिए म यस काम अझ राम्ररी गर्न सक्थें ।" तर अर्कातिर भने डर पनि थियो कि यतिको उमेरमा आँखा पनि देख्न गाह्रो हुन्छ, सकिएला त ? कसले पत्याउलान् त ?"

भनिन्छ, सफा मनले मागे जे पनि पुग्छ । त्यस्तै भयो जीवनदेवलाई पनि । उहाँले असल छिमेकी नेपाल नामक संस्थाले विद्युत मर्मतसम्बन्धी निःशुल्क तालिम दिँदैछ भन्ने सुन्नुभयो । उहाँले पनि आवेदन दिनुभयो । उहाँ भन्नुहुन्छ, "भाग्यले साथ दियो क्यार ! चयन भएछु ।"

केही महिनाको तालिमपछि, अहिले उहाँसँग सिपसँगै हातमा प्रमाणपत्र पनि छ । पहिले जानेर नजानेर काम गर्नुहुन्थ्यो, अहिले त गर्वका साथ प्रमाणपत्र देखाएर काम गर्नुहुन्छ ।

अहिले उहाँ थोरथोर सामान घरबाट नै बेच्ने गर्नुहुन्छ । पाको उमेरको भएर सबैले विश्वास गर्छन् र काम दिन्छन् । उहाँ मुस्कुराउँदै भन्नुहुन्छ, "सपना देख्न कहिल्यै ढिला हुँदैन । सपना देखे अवश्य पूरा हुन्छ ।"

# सहायता गर्न सक्षम

२१ वर्षिया रविना गौतम बेनीस्थित स्वास्थ्यचौकीमा कार्यरत एक अ.हे.व हुनुहुन्छ । यद्यपि उहाँको औपचारिक तालिम भने स्वास्थ्य सहायकको हो । पद र सुविधा जे भए पनि सेवा नै धर्म हो र समुदायको हाँसो नै सबैभन्दा ठूलो तलब हो ।

बजारको रहनसहनमा हुर्किएकी रबिनाले ग्रामीण क्षेत्रमा सेवा दिनु कति चुनौतीपूर्ण हुन्छ भन्ने कहिल्यै कल्पना गर्नुभएको थिएन । जब उहाँले स्वास्थ्य चौकीको भार एक्लै थाम्नुभयो, तब उहाँको जीवनको दृष्टिकोण नै बदलियो । त्यो सानो एक कोठे चौकी, जहाँ न पर्याप्त औषधी थियो न गोप्यता, न त सहयोगी साथी नै । कहिले खाली बस्नुपर्ने, कहिले एकै दिनमा दर्जनौं बिरामीको चाप । तर रविनाले कहिल्यै गुनासो गर्नुभएन । बरु उहाँ भन्नुहुन्छ, "जहाँ आशा छ, त्यहाँ सेवा सम्भव छ ।"

उहाँको सबैभन्दा ठूलो चुनौती थियो, बिरामीका मनमा लागेका कुराहरू सुन्न नपाउनु । धेरै बिरामीहरू मानसिक समस्यासहित आउँदा गोपनियता नहुने कारण उनीहरूले खोजेको वातावरण दिन नसक्दा रबिनालाई निकै असहज हुन्थ्यो ।

तर यही कठिनाइलाई अवसरमा बदल्ने कार्य गरिदियो असल छिमेकी नेपालले । यस संस्थाले सो स्वास्थ्यचौकीमा नयाँ भवन निमार्ण गरिदियो जहाँ परामर्शका लागि छुट्टाछुट्टै कोठा, आवश्यक उपकरणहरू र स्वस्थ वातावरणसहितका संरचनाहरू छन् ।

आज रविना गौरवका साथ भन्नहुन्छ, "अब म मेरो तालिम र सिपलाई पूरा रूपमा प्रयोग गर्न सक्छु ।"



# उत्प्रेरणाको महत्व



गण्डकी प्रदेशको रमणीय तर दुर्गम मानिने पहाडी गाउँ अर्खलामा बसोबास गर्नुहुन्छ दिलमाया सुस्लिङ । यहाँका किसानहरू वर्षौंदेखि आधुनिक कृषि प्रविधिको पहुँचबाट टाढै रही परम्परागत तरिकाले जीविकोपार्जन गर्दै आएका छन् । सुविधाको अभाव, उबडबाखड भूगोल र सीमित जानकारीले गर्दा यहाँका मानिसहरूको दैनिकी अझ बढी चुनौतीपूर्ण छ ।

त्यही परिवेशमा हुर्किएकी दिलमायाले पनि बाल्यकालदेखि नै लेकबेँसी गर्दै, बाख्रा पाल्दै र जीविका धान्न खेतबारीमा पसिना बगाउँदै आउनुभएको हो । उहाँको परिवारमा ४ जना सदस्य छन् । कृषि र पशुपालनमा समर्पित भएर लागे पनि उहाँसँग न त कृषिसम्बन्धी पर्याप्त जानकारी थियो, न त उचित स्रोतसाधन नै । मलको सही प्रयोग, बालीको हेरचाह, बिउ उत्पादन र उत्पादन बढाउने उपायहरूबारे केही जानकारी नहुँदा मेहनतको फल सधैँजसो न्यून नै हुन्थ्यो ।

यस्तै अवस्थामा दिलमायाले गाउँमा तालिम दिइँदै छ भन्ने थाहा पाउनुभयो । त्यसपछि उहाँ पनि त्यस तालिममा सहभागी हुनुभयो र सिकेका कुराहरू व्यवहारमा उतार्न थाल्नुभयो । घरमै बनाएको जैविक मलहरू प्रयोग गर्दा त्यसको परिणामले आफै छक्क पर्नुभयो । छरछिमेक सबैमा यसले तरङ्ग उत्पन्न गरायो र दिलमायालाई सबैले सोध्न थाले, “के अचम्मको विषादी प्रयोग गर्नुभयो ?” उहाँले मुस्कुराउदै उत्तर दिनुभयो, **“कुनै विषादी होइन, तालिममा सिकाएको विधिअनुसार घरमै बनाएको ।”**

यसरी उत्पादनमा आएको सुधारले उहाँको खेतबारी अर्खलामा उदाहरणीय बनेको छ । यस परिवर्तनले उहाँलाई अझै केही गरौं भन्ने हिम्मत जगाएको छ । दिलमाया भन्नुहुन्छ, **“सीप र सही तरिका भए मेहनत गर्न टाढा जान पर्ने रहेनछ ।”**

# सामग्रीको चाहाना




पश्चिम नवलपरासी, सरावल गाउँपालिका–६, पुसौलीमा बस्ने १२ वर्षिया सविना खातुन ५ जनाको सानो परिवारमा बस्नुहुन्छ । परिवारमा पहिलो सन्तान भएकोले घरमा आमालाई खाना पकाउने कामदेखि लिएर घरको सानोतिनो काममा सबैलाई सहयोग गर्नुहुन्छ । सविना घर नजिकैको मदरसा विद्यालयमा कक्षा ५ मा अध्ययनरत विद्यार्थी हुनुहुन्छ । एकदिन उहाँ अध्ययन गर्दै गर्दा विद्यालयका सबै जनालाई विद्यालयको प्राङ्गणमा बोलाइयो । त्यसबेला उहाँरूलाई कुनै खेल खेल्न बोलाइएको जस्तो महसुस भयो, तर त्यसो भने होइन रहेछ । त्यहाँ असल छिमेकी नेपाल नामक संस्थाले राम्रा–राम्रा सरसफाइ सामग्री राखी स्वास्थ्य सचेतना कार्यक्रम सञ्चालन गरेको थियो, जहाँ उहाँलगायत विद्यालयका सबै विद्यार्थीहरू सहभागी भएका थिए ।

उहाँले भन्नुभयो, "हामीले सरसफाइको बारेमा सुन्दै आइरहेका थियौं र यस बेला पनि त्यही कुरारू दोहोरिँदै थिए । पहिला पनि मैले हात त धुन्थे तर सरसफाइ सामग्रीहरू कहाँबाट ल्याउने ? बजारमा किन्न त पाइन्छ तर घरमा बिहान बेलुका खान पुऱ्याउन मुस्किल छ, अरू आवश्यकता कसरी पूरा हुने ? जब सबैजनालाई पालैपालो नाम लिँदै बोलाइयो, मेरो खुसीको सीमा रहेन । मैले सरसफाइ सामग्रीहरू नेल कटर, दाँत माझ्ने ब्रस, मन्जन, साबुन, टावल सबै पाएँ ।"

उहाँ असल छिमेकी नेपालप्रति धन्यवादी हुनुहुन्छ । उहाँ खुसीले गद्‌गद हुँदै भन्नुहुन्छ, "अब म मेरा भाइ–बहिनी र आमा–बाबालाई पनि स्वास्थ्यको विषयमा सिकाउँछु । हामी यी सामग्रीरू प्रयोग गर्नेछौं । जतन गरेर चलाए अलि समय कसो नचल्ला र !"

# नमुनाको नमुना कथा




नमुना (नाम परिवर्तन) एक निम्न वर्गीय परिवारमा जन्मिनुभयो । ८ जनाको ठूलो परिवार भएकै कारण खान लाउन निकै गाह्रो हुन्थ्यो । उहाँ क्याटरिङ्गका भाँडा माझ्न जानुहुन्थ्यो र दिनको पाँच सय रुपियाँ कमाउनुहुन्थ्यो । साथीहरूको सङ्गतले गर्दा कमाएको पैसाले चुरोट खान थाल्नुभयो । यो क्रम बिस्तारै बढेर गाँजादेखि ब्राउन सुगरसम्म पुगेको उहाँलाई थाहा नै भएन ।

बिस्तारै उहाँले विद्यालय जान छाड्नुभयो । चुरोट र गाँजा खान थालेपछि अब जुन कामले गर्दा आम्दानी हुन्थ्यो, त्यही काममा पनि जान सक्नुभएन । यसले गर्दा लागुऔषध खानको निम्ति पैसाको अभाव हुनथाल्यो । त्यसपछि साथीहरूसँग मिलेर चोरेर, लुटपाट गरेर पैसा ल्याउने र त्यही पैसा लागुऔषध सेवनको लागि प्रयोग गर्न थाल्नुभयो ।

त्यसै क्रममा उहाँको विवाह लागुऔषध प्रयोगकर्तासँगै भयो । दुवै जना लागुऔषध प्रयोगकर्ता भएका कारण उहाँहरूको सधैंजसो घरझगडा पर्ने गर्थ्यो । उहाँ भन्नुहुन्छ, "दुई छाक खाना खान र कोठामा केही सामान ल्याउने हैसियत पनि थिएन हाम्रो । केही काम गरौं भने पनि लागुऔषधको लतको कारणले गर्दा काम गर्नसक्ने अवस्थामा पनि थिएनौं हामी । त्यसैले गर्दा मैले गलत व्यवसायलाई अपनाउनुपर्ने बाध्यता भयो ।"

समय बित्दै गयो, उहाँका बालबच्चाहरू भए तर सधैंको झैँझगडा भने रोकिएन । लागुपदार्थ छोड्ने प्रयास गर्नुभयो तर सक्नुभएन । यसरी नै गुजारा चलिरहेको थियो ।

उहाँ सम्झिनुहुन्छ, "म घरमा बसिरहेको अवस्थामा नवजीवनका दिदीहरूले मलाई भेट्नुभयो र नवजीवन उपचार कार्यक्रममा ल्याउनुभयो । त्यस दिनदेखि मैले पछाडि फर्केर हेर्नुपरेन । थोरै समय यी चिजहरू छोड्न सङ्घर्ष गरेँ । आज नशामुक्त भएको पनि २० वर्ष भएछ ।"

हालमा उहाँ सिलाइ तालिम केन्द्रमा काम गर्नुहुन्छ र नशामुक्त जीवन बिताइरहनुभएको छ ।

नमुना धन्यवादी हुँदै भन्नुहुन्छ, "म एकदम खुशी छु । नवजीवनले मलाई नयाँ जीवन मात्रै दिएको छैन, जीविकाका लागि सीप सिकाई दक्ष पनि बनाएको छ । जसको लागि म धेरै धेरै धन्यवाद व्यक्त गर्न चाहान्छु । "

# शिक्षाप्रेमी उत्तम




सिरानचोक गाउँपालिका, गोरखाको हरियो डाडाँबिच अवस्थित एउटा सानो गाउँ । त्यही गाउँमा जन्मिएका ३७ वर्षीय उत्तम गुरुङ, जसको रहर सहर या विदेश जानु होइन, आफ्नै गाउँका बालबालिकासँग काम गर्नु थियो । उहाँको विचार पहिले त विद्यालयमा विद्यार्थीहरूसँग काम गर्छु भन्ने थिएन । उहाँलाई पनि धेरै पैसा कमाउने रहर हुँदो हो । तर नाङ्गो खुट्टामा विद्यालय हिँडिरहेका साना बालबालिकाहरू, कतिपय हिँड्न नसकेर बसिरहेका बालबालिकाहरू देख्दा उहाँलाई आफूहरूले नसिकाए कसले सिकाउने र अघि बढाउने भन्ने चिन्ताले सताउँथ्यो ।


गाउँका डाडाँहरूमा विद्यालय भए पनि ठूलो मान्छेलाई दिनभरि लाग्ने बाटो कलिला खुट्टाहरूले कसरी हिँड्न सक्लान् भन्ने सोचेरै उत्तमले गाउँमै केही गर्छु भनी अठोट लिनुभयो । त्यसैले गाउँकै एउटा सानो प्राथमिक विद्यालयमा प्रधानाध्यापक भई पढाउन थाल्नुभयो जहाँ गाउँकै अधिकांश बालबालिकाहरू पढ्थे । तर २०७२ को विनाशकारी भूकम्पमा विद्यालय भत्कियो, कक्षा कोठा ढले, पर्खाल चर्किए र सबै शिक्षण सामग्री माटोमुनि गाडिए । धेरैजना तितरबितर भए तर थोरै विद्यार्थी भएतापनि कहिले खेतमा बसेर त कहिले चर्को घाममा बसेर पढे ।

तर उत्तम यसरी चुप लागेर बस्नुभएन । उहाँको आग्रह र प्रयासले असल छिमेकी नेपालको ध्यान तान्यो र निमार्ण कार्य सुरु भयो । पहाड काटेर सम्याइएको ठाउँमा बलियो विद्यालय पुनर्निर्माण भयो । विद्यालयका लागि आवश्यक नयाँ टेबल कुर्सी, शैक्षिक सामग्री, शौचालय, खानेपानी आदिको पनि व्यवस्था भयो । यति मात्र नभई शिक्षकहरूले पनि कम्प्युटर तालिम, अङ्ग्रेजी भाषा तालिम, बालमैत्री व्यवहार जस्ता विषयमा प्रशिक्षण लिई फाइदा लिनुभयो ।

आज उत्तम सर भन्नुहुन्छ, **"असल छिमेकी नेपालको कारण विद्यालयले नयाँ स्वरूप लिएको छ ।"** त्यस्तै विद्यालयका शिक्षक र अभिभावकहरू भन्छन्, "उत्तम सर हुनुभएकै कारण विद्यालयले नयाँ स्वरूप लिएको छ ।"

# पढ्ने रहर

बाबासँग हात सामातेर हिँड्ने रहर, बाबाको काँधमा बसेर डुल्ने रहर कुन बालबालिकालाई पो हुँदैन होला र ! तर यी रहरहरू सबै रहरैमा रहृयो शङ्करको । जुन अवस्थामा बाबाको जरुरत थियो, त्यही अवस्थामा छाडेर जानुभयो । आमाले सकेको सबै माया दिन कोसिस गर्नुहुन्छ तर कहाँ पुग्ने रहेछ र ! शङ्करलाई बाबाबिना शून्य लाग्न थाल्यो । घरको बाबा नभएपछि आमालाई मात्र सबै कुरा सम्हाल्न गाह्रो भएको देखेर उहाँको मन भारी हुँदै गएको थियो । नयाँ–नयाँ लुगा त परै जाओस्, कहिलेकाहीँ त कलम किन्न पनि नसक्दा शङ्करको बालमष्तिस्कमा नराम्रो असर पऱ्यो । विद्यालयमा पनि एक्लै टोलाएर बसेको देखेर उहाँकी शिक्षिकाले यसको कारण पत्ता लाउनुभयो र यो खबर असल छिमेकी नेपाललाई दिनुभयो । असल छिमेकी मार्फत् पठनपाठन गर्दा लाग्ने आवाश्यक सामग्रीहरू, विद्यालयको शुल्क, पोशाक, किताब इत्यादि पाउँदा शङ्करलाई सपना जस्तै लाग्यो । चिन्ता नगरी विद्यालय जान सक्ने र ठूलो हुँदासम्म पनि आफ्नो पढाइमा सहायता पाउने भएपछि उहाँको खुसीको सीमा नै रहेन ।




अहिले शङ्कर कक्षा २ मा अध्ययरत हुनुहुन्छ । उहाँ फेरि पहिले जस्तै साथीहरूसँग घुलमिल हुने, खेल्ने गर्न थाल्नुभएको छ । उहाँको अनुहारमा चमक फिर्ता आएको देखेर आमा पनि हर्षित र संस्थाप्रति धन्यवादी हुनुहुन्छ ।

# आवासविहिनतामा सहायता

गौमूल गाउँपालिका, वडा न– ५ बस्ने धनबहादुर बुढाले ४० औं वसन्त पार गर्नुभयो । उहाँ ४ जना परिवारका साथमा बस्नुहुन्छ । पेशाले उहाँ कृषक हुनुहुन्छ तर उक्त पेशाबाट भएको उत्पादनले वर्षमा तीन महिनालाई मात्रै खान पुग्छ । बाँकी समयको खाद्यान्न जोहो गर्नकालागि, घर खर्च टार्नका लागि दैनिक ज्यालादारीमा काम गर्ने गर्नुहुन्छ ।

२०७९ माघ १० गते आएको भूकम्पले उहाँको घरका केही पर्खालहरू भत्कायो । बाँकी रहेका पर्खालहरू पनि चर्केका छन् । बस्नका लागि अन्य विकल्प नभएपछि उहाँ सपरिवार त्राससँगै भत्केको घरमा नै बसोवास गर्दै आउनुभएको छ । अवस्था झन् झन् कठिन भएको अवस्थामा उहाँले अस्थायी आवासका लागि आवश्यक निर्माण सामग्रीहरू प्राप्त गर्नुभयो जसमा १० फिटे जस्ता ३ बन्डल, ८ फिटे जस्ता एक बन्डल लगायतका अन्य निर्माण सामग्रीहरू छन् ।

प्राप्त भएका निर्माण सामग्रीहरूबाट धनबहादुरले अस्थायी आवास निर्माण गरेर बस्न थाल्नुभयो । उहाँ भन्नुहुन्छ, **"यस्तो अप्ठ्यारो अवस्थामा उत्साह दिनुका साथै निर्माण सामग्री सहयोग गरेकोमा सहयोगी हातहरूप्रति धेरै धेरै धन्यवाद व्यक्त गर्दछ ।"**



# मेरो कमाइबाट ...

हिमाल बस्याल (२०) ८ जनाको परिवारमा बस्नुहुन्छ । परिवारको आर्थिक समस्याका कारण सानै उमेरमा विद्यालय छोड्नुपर्‍यो । पछि उहाँ सानै उमेरमा कामका लागि भारततर्फ जानुभयो । तर आफूले चाहेजस्तो काम र काम अनुसारको तलब सुविधा नभएकाले २ वर्ष पछि फर्कनुभयो ।

घर बसेर दिनहरू बिताउँदै गर्दा एकजना गाउँले दाइले असल छिमेकी नेपाल नामक संस्थाले हाउस वायरिङ्ग सम्बन्धी सीपमूलक तालिम सञ्चालन गर्दै छ भन्नेबारे बताए । त्यसपछि समय खर्च नगरी तालिमको आवेदन फारम भरी छनौट हुन सफल हुनुभयो ।

हाल उहाँ तालिम सकिएर हाउस वायरिङ्ग काम गर्दै हुनुहुन्छ । उहाँ भन्नुहुन्छ,

"अहिले म काम पनि गरिरहेछु र परिवारलाई पनि हेर्दै छु । मेरो तलब हालका लागि रु. १५,०००।– छ । यो पछि बढ्दै जानेछ । मैले काम गरेको पहिलो तलबले मोबाइल पनि किन्न सफल भएको छु । यस सीपले मेरो आर्थिक अवस्थामा सुधार ल्याएको छ । म देशमा नै रहेर काम गरेको देख्दा मेरो परिवार खुसीले गद्गद भएको छ । मलाई प्रभावकारी तालिममा सहभागी हुने अवसर दिएकोमा असल छिमेकी नेपालप्रति धेरै आभारी छु ।"



# शौचालय- मेरो प्रतिष्ठा

एक त एकल महिला, त्यसमा झन् घरमा शौचालय नहुँदा हमेदुन नेशा र उहाँको परिवारलाई दिशा पिसाब गर्न निकै समस्या हुन्थ्यो । दिउँसो दिसा पिसाब गर्न कि त टाढाको खोला वा खेततिर जानुपर्थ्यो कि त बेलुकी नै कुर्नुपर्ने हुन्थ्यो । यसो गर्दा सर्प र कीराहरूको टोकाइको डर हुन्थ्यो भने समय पनि धेरै लाग्थ्यो । वर्षाको बेलामा झन् बाढीले गर्दा दिसा गर्न जाने ठाउँ नै हुँदैनथ्यो जसले गर्दा दिसा रोकेर बस्नुपर्दा स्वास्थ्य समस्या भोग्नुपर्थ्यो ।

खुला ठाउँमा गरेको दिसा पानी मिसिएर घर आँगनमा आउँदा खाना पकाउन र पानी पिउन निकै सास्ती खेप्नुपर्थ्यो भने फोहोर पानी पिउँदा हैजा, आउँको जोखिम पनि हुन्थ्यो ।

अहिले असल छिमेकी नेपालको सहायतामा शौचालय बनेको छ । नेशा भन्नुहुन्छ, "शौचालय निर्माण गरी मेरो जीवनशैलीलाई सहज बनाइदिएकोमा असल छिमेकी नेपालप्रति धन्यवादी छु ।"



# दु:खको साथी



सन्जु पुन मगर, आठबिसकोट नगरपालिका– १२, रुकुम पश्चिमकी स्थायी बासिन्दा हुनुहुन्छ । २६ वर्षीया सन्जुको परिवारमा उहाँका श्रीमान् र दुई छोरा छोरी गरी चारजना सदस्य छन् ।

२०८१ साल असार ३१ गते (१५ जुलाई, २०२४) मा आएको भीषण वर्षासँगै खसेको पहिरोले सन्जुको गाउँ त्रासपूर्ण भएको थियो । धेरै अस्थायी टहराहरू पूर्णरूपले क्षति भएको थियो र केहीले ज्यानसमेत गुमाउनुपरेको थियो । यस्तो भयानक अवस्थाले सन्जु लगायत सम्पूर्ण स्थानीयवासी आत्तिएका थिए, अब कसरी बाँच्ने भन्ने प्रश्नले सबैलाई निराश बनाएको थियो ।

यस्तो कठिन घडीमा असल छिमेकी नेपालको टोली राहत लिएर गाउँमा पुग्दा सन्जु भावुक हुँदै भन्नुहुन्छ, "त्यो समय बाँच्ने आशा सकिएको बेला नचिनेका व्यक्तिहरूको जमात एक रक्षक, अभिभावक र साथी बनेर आउनुभयो । यसले म र मेरो वडाबासीहरूलाई ठूलो ढाडस मिलेको छ । यस सहयोग जीवनपर्यन्त भुल्न नसकिने स्मृति बनेको छ । यो गुनका लागि असल छिमेकी नेपाललाई धेरै धन्यवाद !"

# पहिचानको महत्व



नेपालका कतिपय क्षेत्रहरूमा अशिक्षा, गरिबी र जातीय भेदभावले गाँजेको अवस्था छ । त्यस्तै समुदायमा हुर्किएकी ४० वर्षीया अनिता वि.क. नेपालको दक्षिणी सिमाना नजिकैको एक गाउँमा बस्नुहुन्छ, जहाँ जातीय भेदभाव त छँदै छ, सँगै महिलाहरूको अवस्था झन् दयनीय र पीडादायक छ—शिक्षाको पहुँचबाट टाढा, अवसरहरूबाट वञ्चित र सानो उमेरमा विवाह ।

अनिता पनि बाल्यकालमा नै विवाह बन्धनमा बाँधिनुभएको थियो र गरी खानका लागि जग्गा जमिन नभएकाले उहाँ अरूको खेतमा काम गरेर घर चलाउनुहुन्छ । श्रीमान्को भने इँटा भट्टीमा ज्याला मजदुरीको काम गर्नुहुन्छ तर कमाएको सबै रकम रक्सीमा उडाउने हुँदा उहाँलाई घर चलाउन निकै मुस्किल हुने गर्दछ ।

उहाँको समुदायमा शिक्षाको अभावका कारण उहाँहरूलाई न आफ्नो अधिकारका बारेमा थाहा थियो, न त पहिचानको महत्व नै । उहाँहरूलाई त नागरिकता भन्ने चिज घरमा एकजनाको भए भइहाल्छ, यसले खान दिँदैन केही गर्दैन, किन चाहिन्छ र ? भन्ने लाग्थ्यो । यस्तो काम झन्झटिलो पनि लाग्थ्यो ।

४० वर्षको उमेरसम्म पनि कुनै प्रमाण पत्र, नागरिकता केही थिएन । अलि कमाइ हुने काम गर्न सीप चाहिने र जानेको काम गर्नका लागि पनि आफ्नो पहिचान खुल्ने कागजात चाहिन्थ्यो । यस्तो हुँदा अनिता आक्रोशित हुने गर्नुहुन्थ्यो । उहाँलाई लाग्थ्यो— काम गर्न पाए भइहाल्छ किन चाहिन्छ र ?

यस्तै कुराहरू बुझाउन असल छिमेकी नेपालले अधिकारका बारेमा तालिम दिँदा उहाँ पनि सहभागी हुनुभयो । त्यसपछि उहाँलाई बल्ल सबै कुराहरू बुझेको अनुभव भयो र तुरुन्तै श्रीमान्लाई नागरिकता बनाइदिन भन्नुभयो । आज अनिता आफू जस्तै महिलाहरूलाई परिवर्तनको बाटो देखाउने प्रेरणा बन्नुभएको छ ।

# जीवित आशा

दिलमती सपरिवार विगत २३ वर्षदेखि मुस्ताङको कागबेनीमा बस्दै आउनुभएको छ । उहाँले केही जमिन भाडामा लिनुभएको छ भने ज्याला मजदुरी पनि गर्नुहुन्छ । २०२३ अगस्ट ३ को विनाशकारी बाढीले दिलमतीको जिन्दगी नै अस्तव्यस्त पारिदियो । रातको समयमा आएको बाढीले उहाँका सबै सरसामग्रीहरू नष्ट पारिदियो । उहाँ आश्रयविहीन हुनुभयो । शरीरमा भएको एकसरो लुगाबाहेक केही आफ्नो भन्न पाउनुभएन । यस्तो अवस्थामा असल छिमेकी नेपालबाट १ महिनालाई पुग्ने राहत सामग्री पाउँदा उहाँ निकै हर्षित हुनुभयो । उहाँ भन्नुहुन्छ, "हाम्रो मुख्य आम्दानीको स्रोत भनेको यहाँ आउने पर्यटकहरू हुन् । पर्यटकीय आकर्षण नै नभएपछि गुजारा गर्न निकै गाह्रो भएको थियो । असल छिमेकी नेपालप्रति धेरै आभारी छु । दुःखको अवस्थामा सम्झनुभयो । अब त बिस्तारै फेरि कमाउन सकिएला !"



# सुरक्षित बासको सपना

बन्दीपुर, वडा नं– १ बस्ने फूलमाया चेपाङ त्यहाँको स्थायी बासिन्दा हुनुहुन्छ । उहाँ आफ्ना दुई छोरी र एक छोराको साथमा बस्नुहुन्छ । फूलमायाको एकजना छोरी कक्षा ११ मा अध्ययनरत छिन् भने अर्की छोरी कक्षा ७ मा घर नजिकैको सरकारी विद्यालयमा जान्छिन् र छोराले भने कक्षा ६ मा पढ्दापढ्दै छाडिसकेका छन् ।

फूलमाया चेपाङ दैनिक गुजाराका लागि ज्यालादारी काम गर्नुहुन्छ । अरू समयमा उहाँ बारीका कामहरू गर्नहुन्छ । उहाँसँग खेती गर्नका लागि पर्याप्त जग्गा पनि छैन । बारीमा भएको उब्जनीले उहाँको परिवारमा मुस्किलले केही महिना मात्र खान पुग्छ । अरू समयमा समेत परिवारको आधारभूत आवश्यकता पूरा गर्न धेरै सङ्घर्ष गर्नुपर्ने अवस्था छ । यस वर्ष बर्षायामको पहिरोका कारण घर पुरियो, जसले गर्दा उहाँहरूलाई गाँस, बास र कपासको समस्या झन् थपिन पुग्यो । उहाँको घर पहिरोका कारणले बस्नै नमिल्ने गरी क्षतिग्रस्त भएको थियो । उहाँमा सुरक्षित घर बनाउने सपना थियो तर आर्थिक समस्याका कारण त्यो सपना अधुरो नै रहिरहेको थियो । स्थानीय जनप्रतिनिधिहरूद्वारा टिपेको क्षतिग्रस्त घरहरूको सूचीमा उहाँको घर पनि पर्दा फूलमायाको मनमा केही आशाको मुना पलाएको थियो । यसै समयमा असल छिमेकी नेपालले स्थानीय सरोकारवालाहरूको सहयोगमा उहाँलाई घर निर्माणका सामग्रीहरू जस्तापाता, काँटी र प्लेन सिट सहायता गर्‍यो, जुन उहाँको क्षतिग्रस्त घर पुनर्निर्माण गर्न निकै ठूलो सहायता भयो । परिवारका लागि सुरक्षित घर बनाउने अधुरो सपना पूरा गरिदिएकोमा उहाँ असल छिमेकी नेपाल परिवारप्रति धन्यवाद साथ कृतज्ञता ज्ञापन गर्नहुन्छ ।

